
# लोमान्थाङमा संरक्षण कविता



SIRJANĀ
A Journal on Arts and Art Education
Vol. VII, 2021: 75-83
Research Developement Unit, Sirjana College of Fine Arts

# संरक्षण कविता यात्रा (२०५३) मा पर्यावरण

गीता थपलिया त्रिपाठी, पिएचडी
उपप्राध्यापक, रत्नराज्यलक्ष्मी क्याम्पस, त्रि. वि.

## लेखसार

*'संरक्षण कविता यात्रा (२०५३)' सङ्ग्रहभित्र दस जना कविहरू हरिदेवी कोइराला, जे. अस्मिता, भूपिन व्याकुल, धनप्रसाद तामाङ, नवराज अधिकारी, सरस्वती श्रेष्ठ 'सरू', सुकुम शर्मा, रमेश श्रेष्ठ, पुष्प आचार्य तथा सरुभक्तका कविताहरू सङ्कलित छन् । यसभित्र पाँच जना स्थानीय सहभागीका प्रकृतिमुखी लयात्मक सिर्जनालाई पनि समावेश गरिएको छ । प्रकृति संरक्षणको मुख्य ध्येय बनाएर आरम्भ गरिएको यस अभियानका मुख्य परिकल्पनाकार कवि सरुभक्त हुन् । प्रस्तुत अध्ययन संरक्षण कविता यात्रा (२०५३) का कवितामा प्रयुक्त पर्यावरणीय चेतनाको खोजीसँग सम्बद्ध रहेको छ । यसका निम्ति संरक्षण कविता यात्रा (२०५३) मा सङ्कलित कविताहरूबाट प्रतिनिधि साक्ष्यहरूको विश्लेषण गरी यहाँ प्रयुक्त पर्यावरणीय समस्या पहिल्याउनु तथा ती कवितामा प्रयुक्त शिल्पगत विशिष्टताको पहिचान गर्नुमा केन्द्रित रही अध्ययन गरिएको छ ।*

**सूचक शब्दहरू : पर्यावरणीय चेतना, सङ्कट, संरक्षण कविता, स्थानीयता, पर्यावरण मैत्री वासस्थान,**

## विषय प्रवेश

प्रस्तुत अध्ययन 'संरक्षण कविता यात्रा (२०५३)' सङ्ग्रहमा सङ्कलित कवितामा अभिव्यक्त पर्यावरण, यससँग मानिसको सहसम्बन्ध तथा पर्यावरण विनाशमा मानिसको उपभोक्तामुखी प्रवृत्ति कारक रहेका र तिनबाट प्रकृतिलाई जोगाउनुपर्ने विषयमा रचना गरिएका कविताहरूमाथि केन्द्रित रहेर तयार पारिएको छ ।

प्रकृति र पर्यावरण मानिसका आन्तरिक र बाह्य दुवै परिवेशका लागि उत्तिकै मूल्यवान् कुरा हुन् । तर मानिसकै क्रियाकलापले पछिल्लो समयमा प्रकृति विनाशको क्रम बढ्दो छ । प्रकृतिको रक्षा गरी पर्यावरण विनाशको यस क्रमलाई रोक्ने र प्रकृतिप्रति मानवीय दायित्व बोध गराउने उद्देश्यले पर्यावरण विषयमा वैदिक सूक्त हुँदै उत्तरवर्ती कविताहरूमा पनि सशक्त अभिव्यक्ति हुँदै आएको छ । 'संरक्षण कविता यात्रा (२०५३)' पनि प्राकृतिक शक्ति र सौन्दर्यप्रति सचेत रहेका कवि सरुभक्तको परिकल्पनामा अन्य उत्साहित नौ जना कविहरू सहभागी भई अघि बढाइएको अभियानमा लेखिएका कविताहरूको सङ्कलन हो । यसमा स्थानीय प्रकृतिप्रतिको आकर्षण र ग्राम्य प्रदूषणमुक्त वातावरणको स्थापनाका लागि लेखिएका प्रकृतिमुखी कविताहरू सङ्कलित छन् । यी कविताहरू मूलतः प्रकृति विनाशको क्रमलाई रोक्न र पृथ्वीको स्थानीय सौन्दर्यलाई कायम राख्न गरिएको अभियानबाट सिर्जित

भएकाले यिनको मूल प्रवृत्ति भनेकै पर्यावरणीय चेतनाको काव्यीकरण रहेको छ । अतः प्रस्तुत शोधपरक लेखमा पर्यावरणीय अध्ययनका केन्द्रीयतामा उक्त सङ्ग्रहमा सङ्कलित कविताहरूको विश्लेषण गरिएको छ । यसका लागि पर्यावरणीय समालोचना पद्धतिमा आधारित आवश्यक पर्याधारहरु निर्माण गरी त्यसैका सैद्धान्तिक पद्धतिको अवलम्बन गरिएको छ ।

## अध्ययन विधि

प्रस्तुत अध्ययनमा पुस्तकालय कार्यबाट सामग्री सङ्कलन गरिएको र प्राप्त सामग्रीको विश्लेषणका लागि पाठपरक, सन्दर्भपरक तथा विश्लेषणात्मक विधिलाई शोधको आवश्यकता अनुसार उपयोग गरी पर्यावरणीय साहित्य समालोचनाका अवधारणाहरु निर्माण गर्ने चेरिल ग्लटफेल्टी, आर्ने नायस, ह्यारोल्ड फ्रोम, केरिज रिचार्ड, कौप लोरेन्स तथा गारार्द ग्रेगजस्ता समालोचकहरूले अघि सारेका पारिस्थितिक प्रणाली, गहण पर्यावरणसम्बन्धी अवधारणा, पर्यावरणकेन्द्री तर्कहरु, पारिस्थितिकी नारीवाद, ग्राम्यता र अप्रदूषित वातावरणीय परिकल्पना जस्ता पर्यावरण संरक्षणसम्बन्धी अवधारणाका आधारमा कविताको विश्लेषण गरिएको छ ।

## 'संरक्षण कविता यात्रा (२०५३)' मा पर्यावरण

प्रस्तुत अध्ययनमा 'संरक्षण कविता यात्रा (२०५३)' का कविताहरूमा प्रयुक्त पर्यावरणकेन्द्री रचनाहरूको विश्लेषणका लागि माटो, पानी, वायु, वन जङ्गल तथा पशुपन्छी जस्ता भौतिक पर्यावरणसँग मानिसको सम्बन्ध देखाई यसको विनाशले पारेका वातावरणीय प्रभावहरूको अध्ययनका लागि गम्भीर पारिस्थितिक अवधारणा, पर्यावरण मैत्री वासस्थान, स्थानीयता र ग्राम्यताको अवधारणालाई मुख्य आधार बनाइनुको साथै आंशिक रूपमा पर्यावरण केन्द्री नारीवादी अवधारणालाई पनि विश्लेषणको आधार बनाइएको छ । शिल्पगत पहिचानका निम्ति ध्वन्यात्मकताको निरूपण गर्ने प्रयास गरिएको छ ।

## 'संरक्षण कविता यात्रा (२०५३)' मा प्रयुक्त पर्यावरणीय समस्या

भौगोलिक दुरीले अन्नपूर्ण संरक्षण क्षेत्रको निकट रहेको पोखरा तथा त्यस वरपरका कविहरूले पर्यावरणीय समस्याबाट त्यस क्षेत्रलाई जोगाउन अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनासँग सहकार्य गरी प्रकृति संरक्षण चेतनाका कविता रचना गरेका हुन् । ती कवितामा मूल रूपले पर्यावरणीय विनाशबाट ग्रामीण प्राकृतिक सुन्दरता र स्वस्थ जीवन शक्तिलाई बचाइ राख्न मानिसका प्रकृति विरोधी क्रियाकलाप रोक्नु पर्ने चिन्तन अघि सारिएको छ (थपलिया, २०७४, पृ. ५) । यसै विषयमा केन्द्रित रही स्थानीय प्रकृति र मानिसको सम्बन्धको अध्ययन गरिएको यस शोधलेखमा साक्ष्यका रूपमा प्रयुक्त कविताको शिल्पका बारेमा पनि सङ्क्षिप्त रूपमा उल्लेख गरिएको छ :

### बाढी पहिरोको आतङ्क र उब्जाउहीन माटोको समस्या

माटो प्रकृति र जीवनको पहिलो आधार हो । साहित्यमा माटोको महिमा वैदिक साहित्यदेखि नै अभिव्यक्त हुँदै आएको छ । गहन पर्यावरणीय समालोचना (डिप इकोलोजिकल स्टडी) ले यसको विश्लेषण गर्छ । माटोको महत्त्वलाई आदर्श रूपले स्तुति गरिएका विषयप्रति ध्यान आकर्षित गर्छ । यसले माटोको उब्जाउ क्षमता मान्छेका कारण भएको होइन, मानिसको उपयोगिताभन्दा पर पनि माटोको प्रयोजन सारा प्राणीका लागि छ भनेर मानिसलाई माटोको आवश्यकता छ, तर माटोलाई मानिस नभए पनि

केही फरक नपर्नेतिर यस चिन्तनले सङ्केत गरेको छ ।

वर्तमानमा माटोको खेती गर्ने मानिसले माटोमाथि ठूलो राजनीति गर्न थालेको पाइन्छ । भौगोलिक विभाजनले विभाजित मनस्थिति माटो विनाशको कारक बनेको देखिन्छ । 'संरक्षण कविता यात्रा (२०५३)' भित्रका कवितामा मानिसले माटोमाथि गरेको राजनीति र यसको दुरूपयोगप्रति चिन्ता व्यक्त गरिएको छ । यसै सन्दर्भमा हरिदेवी कोइरालाका कविताले माटोप्रतिको चिन्ता यसरी व्यक्त गरेको छ :

*यो जीवन त सस्मै रानी माटोकै छ भर*
*यै माटालाई सस्मै रानी जोगाउने काम गर*
*(हरिदेवी कोइराला, पृ.१)*

माटो जोगाउनु पर्यावरण जोगाउनु हो । पर्यावरण जोगाउनु भनेको बासस्थान जोगाउनु पनि हो । प्रस्तुत कवितांशमा पर्यावरण मैत्री बासस्थानका लागि आह्वान गरिएको छ । यस श्लोकमा जीवनका लागि माटोको अपरिहार्यता प्राणी र वनस्पति दुवैका लागि सम्बोधित छ । त्यसैले यहाँ गम्भीर पर्यावरणको अवधारणा पनि प्रकट भएको छ । यही एउटै श्लोकमा पर्यावरणीय नारीवादको पनि सङ्केत पाइन्छ । नारी अर्थात् धर्तीमै सृष्टिको सम्पूर्ण सम्भावनाले मूर्तता पाएको छ । अतः नारी वा धर्तीको पालन वा संरक्षण विना सिर्जनात्मक सम्भाव्यता रहँदैन भन्ने भाव उल्लिखित कवितांशले प्रकट गरेको छ । यहाँ पर्यावरणको मूल आधार माटोको संरक्षणका लागि चेतनाका संवाहक बन्न मानव समुदायलाई आह्वान गरिएको छ ।

लोकगीतको मधुर लयमा लेखिएको उपर्युक्त कवितांशमा अनुप्रासयुक्त पद संयोजन गरिएको छ । जीवनको आधार माटो नै हो भन्ने भावलाई केन्द्रीय कथ्य बनाइएको छ भने यस कवितांशमा 'सस्मै रानी' थेगो प्रयोग गरी मिथकीय लोक संस्कृतिलाई प्रस्तुतिको मुख्य आधार बनाइएको छ ।

समाज शक्तिशालीहरूको पेवा बन्दै गएको छ । संस्कृतिप्रति पनि तिनैको आधिपत्य रहेको छ । त्यसरी नै देशका प्राकृतिक स्रोत र साधनमा पनि राजनीतिक शक्तिको दुरूपयोग गर्नेहरूकै बोलवाला रहेको पाइन्छ । सहरमा केन्द्रित शक्ति प्रदर्शनीका लागि जब जब गाउँमा पस्छ, तब गाउँको सुख, सौन्दर्य र अमन चयन सर्वसाधारणका लागि रहँदैन, शोषकका हातमा पर्छ । पर्यावरण र संस्कृतिको यही सम्बन्धले समाजलाई जेलेर राखेको विषयमाथि पनि 'संरक्षण कविता यात्रा (२०५३)' मा काव्यिक सम्बोधन भएको छ :

*जब निस्कन्छन् जङ्गे घोडाहरु सडकमा*
*सडक सिनित्त पारेर फर्कन्छन्*
*जब डुल्दछन् जङ्गे घोडाहरु गाउँमा*
*पाखै रित्तो पारेर छाड्दछन्*
*यो पूर्ख्यौली परम्परा भइसकेको छ जङ्गे घोडाहरूको*
*यो खानदानी चालचलन भइसकेको छ जङ्गे घोडाहरूको !*
*(जे. अस्मिता, पृ.११)*

उल्लिखित कवितांशमा सहर हुँदै गाउँसम्म पुग्ने कुसंस्कारको राजनीति र त्यसको धुर्त्याइँले चुल्याउने गरेका उपभोक्तामुखी संस्कृतिप्रति व्यङ्ग्य गरिएको छ । मार्क्सवादी दृष्टिकोणबाट अध्ययन गर्दा जङ्गे घोडाको मनोवृत्तिलाई पुँजीवादी राजनीतिक समस्या मान्ने गरिन्छ भने पुँजीवादले यसलाई उपयोगितावादी सौन्दर्य चिन्तनले ल्याउने पर्यावरणीय सङ्कट पनि मान्ने गरेको देखिन्छ । अर्ने नेइस (सन् १९९५) ले संवेदनशील प्रकृतिमा भएका बेला यसलाई आघात नपुऱ्याउन आह्वान गरेका छन् (पृ. २६०) । वास्तवमा प्राणी र प्रकृतिको सनातन सम्बन्धमा आधुनिक मानवले सिर्जना गरेका उपभोक्तावादी संस्कृतिले जतातत‌ै पर्यावरण मैत्री

बसोबास उजाड्नेतर्फ निकै ठूलो षडयन्त्र गरिरहेकोतर्फ प्रस्तुत कवितांशले प्रतीकात्मक प्रस्तुति गरेको छ ।

गद्य मुक्तलयमा रचना गरिएको उपर्युक्त कवितांश प्रतीकात्मक रहेको छ । कवितांशमा सामाजिक, राजनीतिक र सांस्कृतिक विकृतिको प्रकटीकरणका निम्ति निकै शक्तिशाली बिम्बको निर्माण गरिएको छ । जङ्गबहादुरको ऐतिहासिक मिथकमा आधारित बिम्बले कविताको अर्थलाई अत्यन्त प्रभावकारी र सफल बनाएको छ । मुक्त लय र स्वाभाविक बिम्बात्मकताले कवितालाई श्रुतिमुधर त बनाएकै छ, अझ भावगत आधारमा पनि विशेष मूल्य प्रदान गरेको छ । ग्राम्य सभ्यता निकै सुन्दर सभ्यता हो र यसको सुन्दरता स्वच्छ पर्यावरण र मानवीय सम्बन्धको हार्दिकता र सादगीले जोगाएको छ । गाउँको सरल र प्राकृतिक जीवनशैलीप्रति आकर्षित भएर विकासका नाममा विसङ्गति र स्वार्थमात्र विस्तार भइरहेको वर्तमानलाई समेत 'संरक्षण यात्राको पहिलो सङ्ग्रह (२०५३)' को विषय बनाइएको छ :

*ए ! संस्कृतिको सम्मान गर्न जानेका*
*सोल्टीहरु*
*ए ! प्रकृतिको मर्यादा गर्न जानेका*
*सोल्टिनीहरु*
*तिम्रो मनजस्तै मलिलो छोम्रोङको*
*भू-भौगोलिक आँगनमा डाँफेका हुलहरु*
*घर घरमा डाँका मार्न आउँदैनन्*
*जङ्गलका रूखहरु*
*तिम्रो बस्ती अपहरण गर्न आउँदैनन्*
*मृग, बाघ र भालुहरु*
*तिम्रो माटो सर्लक्क निल्न आउँदैनन्*
*उनीहरु माटो चाहन्छन् जन्मन, हुर्कन र*
*बढ्न जसरी हामी माटो चाहन्छौँ ।*

*(भूपिन व्याकुल, पृ. २१)*

उल्लिखित कवितांशले मानवीय संस्कृति विघटन हुँदै गएको सहरी जीवनशैली र आधुनिक मानिसका व्यक्तिवादी प्रवृत्तितर्फ चोटिलो व्यङ्ग्य गरेको छ । छोम्रोङलाई आधुनिकताले प्रभावित पारेको छैन । यसैले त्यहाँका बासिन्दाहरूलाई सम्बोधन गर्दै कविले त्यहाँका मानिसका मन मलिलो भएको भाव व्यक्त गरेका छन् । प्रकृतिको विनाश गर्ने मानिस हुन्, तिनका तथाकथित आधुनिक सभ्यताको मोहले यो धर्तीलाई सांस्कृतिक अपव्ययतिर धकेलेका छन् भन्ने भावलाई प्रस्तुत कवितांशले अभिव्यक्त गरेको छ ।

गद्य मुक्तलयमा संरचित उपर्युक्त कवितांश प्रतीकात्मक छ । प्राचीनता र आधुनिकता, ग्राम्यता र सहरीकरण तथा प्रकृति र कृत्रिमताबिच तुलनात्मक बिम्ब निर्माण गरी यी दुवै पक्षबिचको प्रस्तुतिमा विपर्यास र विपरिचीकरण देखाइएको छ ।

पर्यावरणीय समालोचनाका प्रथम प्रयोक्ता चेरिल ग्लटफेल्टी (सन् १९९६) ले पर्यावरण र संस्कृतिको सम्बन्धलाई पर्यावरणीय समालोचनाको विषय मानेकी छन् (xxvii) । मानिसका क्रियाकलापहरु प्रकृतिकै पृष्ठभूमि र परिवेशका उपज हुन् । त्यस्तै संस्कृतिको विचलनले प्रकृतिलाई विनाशतिर लैजान्छ । प्रकृति र संस्कृतिको सम्बन्ध र पर्यावरणीय दृष्टिले यिनको महत्त्व सुकुम शर्माका कवितामा यसरी अभिव्यक्त भएका छन् :

*आफ्नो भन्नु, संस्कृति हो चट्ट छाड्नु हुन्न*
*प्रकृति र संस्कृतिलाई दुषित पार्नु हुन्न*
*गाउँघर विकासले भर्ने प्रण गरौं*
*अमूल्य यो प्रकृतिको संरक्षण गरौँ ॥*

*(सुकुम शर्मा, पृ. ५७)*

पर्यावरणीय समालोचनाले पर्यावरण र संस्कृतिको सम्बन्धको अध्ययन गर्छ । उल्लिखित कवितांशमा प्रकृति र संस्कृतिको सम्बन्ध अभेद्य भएकाले प्रकृति नरहे संस्कृति स्वस्थ हुन नसक्ने विषयप्रति सङ्केत गरिएको छ । लोकलयका

चार हरफका श्लोकमा लेखिएका यी कवितांशहरु सरल शैलीमा संरचित अनुप्रासयुक्त पदले सुन्दर बनेका छन् ।

पितृसत्तामा नारीलाई उपभोग गर्दा पुरूषका हितमा हेरिन्छ । यसका लागि सामाजिक मर्यादाको पनि ख्याल नगरिएका प्रशस्त घटनाहरु समाजमा भेटिन्छन् । कतै गाउँका शोषकहरूले नव विवाहिता दुलहीलाई पहिलो रात आफ्नो उपभोगका निम्ति अर्पिनुपर्ने नियम बनाएको पाइन्छ भने कतै यौन तुष्टिका लागि छोरीसँग समेत शारीरिक सम्बन्ध राख्ने व्यभिचारीहरु भेटिन्छन् । नारीशोषण तथा भूमिको दोहनका बिचमा पाइने समानान्तरताको उल्लेख गर्दै पर्यावरणीय नारीवादी लेखिका कोलोड्नीले प्रकृति विनाश र नारीको बलात्कारका बिच समानतालाई व्याख्याको विषय बनाउन सकिने बताएकी छन् (अब्राहम्स, सन् २००५, पृ. ७४) । नारीवादी पर्यावरणले नारीप्रतिका परम्परागत सोचका विरूद्ध आवाज उठाएको भए पनि समाजमा नारीका भोगाइहरूमा आमूल परिवर्तन आउन सकेको छैन । सरूभक्तको कवितामा प्रकट भएको पर्यावरणीय नारीवादको स्वरूपले यस्तै एउटा विषयलाई समस्याको रूपमा प्रस्तुति गरेको छ :

*ए सावधान जैसिङ्गे राजा !*
*छोरीलाई विवाह गर्छु नभन*
*छोरा पाउने रहरले,*
*आह ! हिमाली पर्यावरण*
*सुकुमारी पहाडका सौन्दर्यहरु मेटिएलान्*
*हिमचुली, देवचुली, वरचुली सेरिएलान् ।*
*(सरूभक्त, पृ. ७७)*

माटोप्रतिको एकाधिकार वा पूँजीवादी भावनाले दुर्घटित हुनसक्ने समाज र संस्कृतिप्रति उल्लिखित कवितांशले चिन्ता प्रकट गरेको छ । प्रकृतिमाथि राजतन्त्रको राजनीति गर्ने प्रवृत्तिलाई जैसिङ्गे राजाको पागलपनपूर्ण उपभोक्तावादी संस्कारसँग तुलना गरी प्रस्तुत कवितांशले पर्यावरणीय समस्याको मिथकीय प्रस्तुति गरेको छ । समाज र संस्कृतिले तय गरेका मान्यताहरु भत्काएर अघि जानु अधिकांशतः बाढी र पहिरोले भत्काएको बस्ती वा जमिनको कुरूपतातिर उन्मुख हुनुजस्तै हो । हिमचुली, देवचुली र वरचुली चुलीका नाम मात्र होइनन्, यिनका अर्थहरूमा सांस्कृतिक महत्त्व रहेको छ । त्यो संस्कृतिको निर्माण त्यहाँको प्रकृति वा भौगोलिक परिवेशले गरेको छ । यसर्थ नारी, माटो वा भूमिभित्र अनेक सिर्जनाको सम्भावना स्वीकारिन्छ तर सिर्जनाका नाममा विनाशकारी संस्कृति स्विकार्य मानिँदैन ।

जैसिङ्गे राजाले भूमि ठानेर आफ्नै छोरीलाई सन्तान उत्पादनको साधन बनाउनु सांस्कृतिक विकृति मात्र नभई प्रकृतिप्रतिको सांस्कृतिक दमन पनि भएको छ । त्यसैले कवितांशमा नारी र प्रकृति भोग्या मात्र मानिनु नहुने भाव व्यक्त गरिएको छ । छोरीको संरक्षण विना सबै प्रकारका सिर्जनाहरु जोगाउन नसकिने महत्त्वपूर्ण भाव कवितामा व्यक्त भएको छ ।
उपभोगको नाममा, प्राप्तिको नाममा बाबु–छोरीको सम्बन्ध बिर्सने जैसिङ्गे प्रवृत्ति हावी भइरहेको वर्तमानलाई यस कवितांशले गम्भीर चेतनातिर तानेको छ । गद्य मुक्तलयको प्रयोग गरी सरल शैलीमा कलात्मक कविता लेख्ने सरूभक्तले प्रस्तुत गरेको व्यञ्जनामा बिम्बको उपस्थिति निकै उच्च रहेको छ ।

कवितांशहरु माटो र मुटुलाई जोड्ने तन्तु हुन् र यही तन्तुको प्रयोग गरेर संरक्षण कविता यात्रा (२०५३) भित्रका कविताले पर्यावरणीय समस्याबाट पृथ्वीलाई मुक्त र संरक्षण गर्ने लक्ष्य राखेको छ ।

**पानीका स्रोतको प्रदूषण र सुख्खापनको समस्या**

एकातिर बढ्दो सहरीकरणका कारण सहरी क्षेत्र पानीको सङ्कट बेहोरिरहेको छ भने

अर्कोतिर पहाडी बस्तीमा वन विनाशले सुख्खापन बढाएको छ । यसप्रति सचेत रहन 'संरक्षण कविता यात्रा (२०५३)' मा प्रस्तुत गरिएका हरिदेवी कोइरालाका विशिष्ट भावका कविताहरू यसप्रकार छन् :

*अमृत हुन् वनका ती बुटी*
*हाम्रैलागि बन्नेछन् ओखती*
*वन मासे सुक्लान् है मूल पनि*
*फुल्न छोड्लान् वनका फूल पनि*
*(हरिदेवी कोइराला, पृ. ५-६)*

'हरियो वन नेपालको धन' भन्ने पुरानो उक्तिको शक्ति अब विस्तारै समाप्त हुँदै छ । नेपालको हिमाली खण्ड अमृतमय जीवनदायी जडीबुटीले सम्पन्न रहेको छ । यसलाई चिन्न र यसको अस्तित्वलाई जोगाउन वन विनाश रोक्नु जरूरी भएको छ । पानीको मूल जोगाउन पनि वन विनाश हुनदिनु नहुने चेतना कवितांशले प्रस्तुत गरेको पर्यावरणीय चिन्तन हो । लोकछन्दमा लेखिएका यी कविताका हरफहरू सरल शैलीमा प्रस्तुत गरिएका छन् ।

पर्यावरणीय सुन्दरताले त्यतातिर तानिएका पर्यटकहरू जब जब पर्यावरणीय समस्या झेल्न बाध्य भएका हुन्छन्, अनि तिनका रहरहरू बगर जस्तै सुक्छन् र नेपालको अर्थ विस्तारको योजना पनि बगरमा परिणत हुन्छन् भन्ने भाव परोक्षतः उल्लिखित गद्य कवितांशका मूल मर्म बनेका छन् ।

पानीका स्रोतहरू पूर्वीय संस्कृतिमा पुज्य रहेका छन् । जल देवताको प्रसङ्ग लोक संस्कृति र वैदिक संस्कृति दुवैका लोक कथामा आइरहने विषयका रूपमा पाइन्छन् । वर्तमान समयमा मानिसले प्राणी र प्रकृति दुवैका लागि हार्दिक सम्बन्ध राखेको पाइँदैन । उसको यो प्रवृत्ति पर्यावरण विपरीत रहेको छ । यसै भावमा सरूभक्तले रचना गरेको कविताको एउटा उदाहरण यस्तो छ :

*मैले अन्तिम पल्ट ढुङ्गाहरूको बस्तीलाई सोधेँ :*
*"ए बस्तीका ढुङ्गाहरू !*
*साँग्रिला पर्वतफेदीमा*
*किन हिमनदीको उजाड बगर देखिन्छ ?"*
*(सरूभक्त, पृ. ८४)*

उपर्युल्लिखित कवितांशमा स्थानीयतालाई प्रस्तुत गरी पर्यावरणीय समस्याको चित्रण गरिएको छ । अन्नपूर्ण क्षेत्रको भ्रमणमा गएका कविहरूले त्यहीँको प्रकृति, संस्कृति र जीवनलाई आधार मानी कविता रचना गरेका छन् । आदिवासीको धर्म नै प्रकृतिको धर्म मानिन्छ, जुन धर्म तिनका लागि जीवन बाँच्ने खास तरिका भएका कारण ती सिद्धान्तमा नभएर व्यवहारिकतामा रमाउँछन् (पी. एस., सन् २०१२, पृ. २५७) । यहाँ स्थानीयताका सन्दर्भमा यस भनाइको अर्थ छ । यी कविताहरूमा हिमनदी, पहाड, ढुङ्गाका सन्दर्भहरू दोहोरिनु स्वाभाविक देखिन्छ । तर मुख्य कुरा के हो भने निरन्तर बग्ने भएर पनि समथर सांग्रिलामा आइपुगेपछि मानिसका मन किन झन साँगुरिएका छन् र किन वृक्षरोपण गरी त्यस उजाड बगरलाई हरियाली प्रदान गर्नेतिर मानिसका ध्यान गएको छैन भन्ने प्रश्न उठाइएको छ । बस्तीमा मानिसहरू होइन, ढुङ्गाको बसोबास हुनुले ह्रासोन्मुख मानवीयताप्रति व्यङ्ग्य गरेको छ । प्रस्तुत कवितांशले प्रतीकका माध्यमबाट प्रकृति र संस्कृतिका बारेमा गहन प्रश्न उठान गरेको छ । कविता शिल्पका दृष्टिले पनि सम्बोधनात्मक शैलीमा लेखिएको यो कवितांश उच्च रहेको छ ।

**वायु प्रदूषण, ध्वनिगत विकार र स्वास्थ्य समस्या**

पर्यावरणीय समस्याको अर्को विकराल अवस्था वायुप्रदूषण र ध्वनिगत विकारबाट सिर्जना भएको छ । पश्चिममा सुरूदेखि नै प्रकृतिलाई विजेयका रूपमा हेरिएको पाइन्छ । आफ्ना आवश्यकता र महत्वाकाङ्क्षाको दास भएर

मान्छेले वैज्ञानिक उन्नतिको चरम दुरूपयोग गरेका छन् । ह्यानिगन (सन् २००६) ले इन्भाइरोमेन्ट जस्टिसको विषयमा कुरा उठाएर विषादीयुक्त सङ्क्रमणलाई सिभिल राइट्ससँग जोडेर हेरेका छन् (पृ. ४७) । प्रकृतिप्रति मानिसको व्यवहार अनुदार हुँदै गएको यो एउटा प्रमाण पनि हो ।

वायुका कारण प्रवाहित हुने ध्वनिमा आएको प्रदूषणले प्राणीका स्वास्थ्यमा ठूलो प्रतिकूल प्रभाव पारेको छ । मानसिक स्वास्थ्यमा पनि यसले समस्या ल्याउने गरेको छ । यिनै पर्यावरणीय समस्यालाई सम्बोधन गरिएका कवितांशहरु प्रस्तुत अध्ययनको क्षेत्रमा प्राप्त भएका छन् :

*पुराण र वेदका मन्त्रहरु प्रतिध्वनित गर्दै*
*बाइबलका नीति वाक्यहरु उच्चारण गर्दै*
*धर्ती पाठ गर्दैन*
*मुक्ति आकांक्षा*
*ऊ आगमन खोज्दैछ*
*छाडेर पुराण र बाइबललाई*
*औंसीका चीसा रातहरुमा*
*मात्र धर्ती संघर्षमा सहयात्री बन्ने*
*एउटा नयाँ प्रमिथसको*

*(पुष्प आचार्य, पृ. ७२)*

पूर्वको वेद र पश्चिमको बाइबलका नीति वाक्यहरु आजको बदलिँदो संस्कृतिमा धर्ती आफैका लागि कुनै महत्त्व राख्दैन भन्ने भाव उल्लिखित कवितांशले प्रकट गरेको छ । चेतनाको उज्यालो चाहिएको पदयात्रीलाई बारूदको उज्यालो अभिसाप बन्दै गएकाप्रति चिन्ता प्रकट गर्दै प्रस्तुत कवितांशले आजका मन्त्रहरु ध्वनि प्रदूषणजस्ता भएका छन्, व्यक्तिवाद र उपभोक्तावाद हावी भइरहेको अबको समयलाई प्रकृति, संस्कृति र समुदायको सेरोफेरोमा तिनलाई सहयात्री धून बनाउन पर्यावरणीय चेतना जगाउनुपर्ने भाव अभिव्यञ्जित गरेको छ ।

मिथकीय शैलीमा प्रस्तुत गरिएको उपर्युल्लिखित कवितांशमा कृत्रिमता र धार्मिक आडम्बरभन्दा प्रकृतिमुखी अन्तःप्रेरणा आवश्यक पर्ने भाव व्यक्त भएको छ ।

**वन जङ्गल र हरियाली प्रकृतिको विनाशले ल्याएको समस्या**

प्रकृतिको मुख्य वस्त्र नै वन जङ्गल हो । रूख विरूवा नभएका डाँडा पाखालाई नाङ्गो र उजाड मानिन्छ । प्राणी जगत्को वासस्थान र पानीका मूल बचाउने माध्यम भएकाले पनि यिनका बिचमा अन्योन्याश्रित सम्बन्ध रहको छ । यस विषयमा निकै भावपरक कविताहरु सिर्जना भएका छन् । प्रकृतिको मानवीकरण गरी लेखिएको यस्तै एउटा भावमय अभिव्यक्ति हरिदेवी कोइरालाको कवितामा पाइन्छ :

*वनका फूल जडीबुटी आँसु झारी रून्छन*
*ममताको एक मुठी माटो देऊ भन्छन्*
*त्यसैगरी भन्छिन् रूँदै वनकी चरी पनि*
*कहाँ बसुँ गुँड अब डाली छैन भनी*

*(हरिदेवी कोइराला, पृ. ६-७)*

प्रत्यक्ष सुन्दरता प्रकट हुने वन जङ्गलमाथि नै स्वस्थ वायु अक्सिजन निर्माणको सम्पूर्ण प्राकृतिक दायित्व छ । औषधोपचारमा प्रयोग गरिने जडीबुटी पनि वन जङ्गलबाटै प्राप्त हुन्छ । नेपाल जडीबुटीका लागि प्राचीन कालदेखि नै सम्पन्न ठाउँ रही आएको छ । रामायणमा हनुमानले लक्ष्मणलाई लागेको वाणको विषबाट मुक्त गर्न जडीबुडीको पहाड नै उठाएर ल्याएको प्रसङ्ग छ र त्यो सुमेरु पर्वत नेपाल खण्डमै पर्छ । यति महत्त्वपूर्ण सम्पदा वन जङ्गलमाथि राजनीति हुन थालेपछि हिजोआज पर्यावरण विनाश तीव्र गतिमा हुँदै गइरहेको छ ।

वन जङ्गल अन्य प्राणीको वासस्थान पनि हो । मानिसको स्वार्थी प्रवृत्तिले स्वयम् मानिस मात्र होइन, सम्पूर्ण पृथ्वी र प्राणी जगत् नै

सङ्कटमा पर्दै गएका छन् । वन जङ्गलको विनाश एकातिर घरेलु इन्धनका रूपमा प्रयोगका निम्ति काठ दाउरा जम्मा गर्ने निम्न वर्गले गरेको पाइन्छ भने अर्कोतिर राजनीतिक शक्तिका आडमा स्वार्थले प्रेरित भई काठ दाउरा र जडीबुटीको चोरी निकासी गरिएको पाइन्छ । राणा शासकहरूले साम्राज्यवादको स्वार्थपूर्तिका लागि वन विनाशलाई संस्थागत गरेका हुन् भने यो प्रक्रिया कुनै न कुनै रूपमा अहिलेसम्म पनि विद्यमान रहेको छ ।

वातावरण बिग्रनुमा मानिसका क्रियाकलाप पहिलो कारण मानिन्छ । अझ वन जङ्गल मास्ने क्रमको तीब्रताले प्रकृतिलाई मरूभूमि बनाउँदै लगेको छ । वायुको स्वच्छतामा वन जङ्गलको ठूलो योगदान रहेको हुन्छ । त्यसैले जङ्गल जीवनका लागि मङ्गलमय मानिन्छ । मानिसले समयमै यसप्रति सचेत हुनुपर्ने भावका साथ नवराज अधिकारीको कवितांशले 'जीवनका लागि जङ्गल' भन्ने भावाभिव्यक्ति यसरी प्रकट गरेको छ :

*वातावरण बिग्रन्छ कि जोगाउनु पऱ्यो*
*जङ्गलमा मङ्गल छ भन्ने बुझ्नु पऱ्यो*
*बेला छँदै नसाँचेमा सङ्कटमा पर्छौं*
*वन साँचे हामी बाँच्छौं वन मासे मर्छौं*
*वन मासे सुकेर खोली भोलि हामी पर्नेछौं बिचल्ली*
*रूख काटे चलेर हुरी भत्की जाला गाउँका चौतारी*

*(नवराज अधिकारी, पृ. ३४)*

उल्लिखित कवितांशमा वन जङ्गलसँग वातावरणको सम्बन्धलाई अन्योन्याश्रित देखाइएको छ । परम्परागत सोचाइमा जङ्गललाई असभ्यताको प्रतीक मानेको पाइन्छ । त्यसैले मान्छेहरूले समाजमा घुलमिल गर्न नजान्नेलाई कस्तो जङ्गली ! भनेको पनि सुनिन्छ तर मानिसहरूले मानवीय व्यवहार गर्न नजानेर आजभोलि सहर र बस्तीबिच पनि प्रकृति पर्यावरण विपरीत कर्म गरिरहेकाले प्रदूषणको मात्रा अति बढिरहेको छ । वन जङ्गल पशु प्राणीहरूका दैनिक आवश्यकता पूर्तिको स्रोत र वासस्थान यी दुवै भएकाले पनि मङ्गलकारी स्थान मानिन्छ । वनको अपरिहार्यता जानेर पनि राजनीतिक र वैयक्तिक स्वार्थका कारण वन विनाशको क्रम हाल तीब्र भएको छ ।

**पशुपन्छी र प्राणीका जीवनमा परेको समस्या**

पशुपन्छी र मानिसका बिच जैविक मात्र होइन, सांस्कृतिक सम्बन्ध पनि निकै गहिरो रहेको छ । अन्नपूर्ण संरक्षण क्षेत्रको यात्रामा रहेका कविले पनि असहाय मान्छेजस्तै निमुखा प्राणीको बचाउमा हात लम्काउन अनुरोध गरेका छन् । यस विषयमा भूपिन व्याकुलको एउटा कवितांशले स्थानीय स्वाद प्रकट गरेको छ :

*म तोल्ङ्योको साल्ये खर्कमा पल्टिएर*
*तिम्रो हात मागिरहेछु दाइ*
*कृपया बुधेलाई बचाऊ दाइ !*
*कृपया बुधेका झारल-घोरल र भेडाहरूलाई बचाऊ दाइ !*
*कृपया झारल-घोरल र भेडाका बस्तीहरूलाई बचाऊ दाइ !*

*(भूपिन व्याकुल, पृ. २३)*

जैविक संसाधनको अत्यधिक विनाश भएका कारण नेपालका जङ्गलबाट बाघ, भालुहरु कम हुँदै गएका छन् भने गैँडालगायतका जन्तुहरु लोप हुने अवस्थामा पुगेका छन् । यसरी नै चोरी निकासीजस्ता तस्करीरूपी अवैध धन्दा राजनीतिसँग जोडिएकाले पनि यो विकराल बन्दै गएर यहाँ पर्यावरणीय सन्तुलनसमेत बिगार्दै लगेको छ । वर्गीय र लैङ्गिक असमानताले गर्दा भूमिमा निम्न वर्गीय र महिलाहरूको अधिकार नगण्य अवस्थामा नै रहेको छ । यसर्थ प्रकृति पर्यावरणीय समस्याको प्रश्न घर र समाज हुँदै देशकै राजनीतिक, आर्थिक र

सांस्कृतिक असमानतासम्म जोडिएको छ ।

प्रकृतिको उपभोग सबै प्राणीले गरेका छन् । सबैका लागि जीवन रस प्राप्त गर्ने थलो प्रकृति नै भएको छ तर विवेकशील प्राणी भएकाले मानिसको दायित्व प्रकृतिको उपभोग मात्र होइन, उचित र आवश्यक संरक्षण गर्नु पनि रहन्छ । तर आजको मानिस प्रकृतिका लागि सबैभन्दा खरतनाक साबित भएको छ । यो मार्मिक व्यङ्ग्य भाव सरुभक्तको रचनाको यस कवितांशमा यसरी अभिव्यक्त भएको छ :

> *म संसारको सबभन्दा खतरनाक प्राणी हुँ*
> *कारण*
> *मैले धेरै हिंस्रक बाघहरू मारेको छु*
> *हिंस्रक बाघहरूले मलाई मारेका छैनन्*
> *मैले धेरै निरीह मृगहरू मारेको छु*
> *निरीह मृगहरूले मलाई मारेका छैनन्...*
> *(सरुभक्त, पृ. ७८-७९)*

प्रस्तुत कवितांशमा मानव सभ्यताप्रति ठूलो व्यङ्ग्य गरिएको छ । मानिसले मनुष्यत्व बिर्सनु र उसबाट हिंस्रक पशुहरूको हिंसा सम्भव हुनुमा मानव सभ्यताको ठूलो क्षति भएको देखिन्छ । बरू बाघ र मृगहरूले प्रकृतिले आफूलाई दिएका शक्तिको मात्र उपयोग गरिरहेका छन् तर विवेकशील सामाजिक प्राणी मानिएको म अर्थात् आजको मान्छे चाहिँ संसारको सबभन्दा डरलाग्दो प्राणी वा भक्षक भइरहेको छ । यो पर्यावरणीय सङ्कट प्रकृति, संस्कृति र राजनीति तिनै क्षेत्रका पर्यावरणीय समस्या भएका छन् । यस्तो अप्राकृतिक हिंस्रक स्वभावबाट अन्ततः मानिसकै निम्ति समस्या सिर्जना गरिएको छ । प्रस्तुत कवितांशमा यस विषयमाथि गम्भीर प्रतीकात्मक अभिव्यक्ति भएको छ ।

## निष्कर्ष

नेपाली कविता परम्परामा पर्यावरणीय चिन्तनमै आधारित रहेर लेखिएका कविताहरूको पहिलो सङ्कलन 'संरक्षण कविता यात्रा (२०५३)' हो । यसमा पश्चिमी साहित्यमा खासगरी अङ्ग्रेजी कवितामा प्रयुक्त स्वच्छन्दतावादी दर्शनलाई प्रकृतितिरको मानवीय आकर्षणको कारकका रूपमा स्विकार्दै पर्यावरणीय चेतनाबाट पृथ्वीको संरक्षणका लागि मानिसका विध्वंशकारी कार्यलाई रोक्ने र प्रकृतिको संरक्षण गर्ने अभिप्रायमा सिर्जित कविताहरू रहेका छन् । कवितामा प्रकट भएका प्रकृति पर्यावरणका विषयहरू पर्यावरण संरक्षणका दृष्टिले निकै चेतनामूलक रहेका छन् ।

मानिसका क्रियाकलापका कारण पृथ्वीमा माटो, वायु, जल, वन जङ्गल र पशुपन्छीका ह्रासोन्मुख अवस्थाप्रति सचेत गराउनु यस 'संरक्षण कविता यात्रा (२०५३)' का कविताहरूको लक्ष्य रहेको पाइएको छ । अधिकांश कविता लोकछन्दमा लेखिएका छन् भने केही कविता गद्य मुक्तलयमा पनि रचना गरिएका छन् । प्रायः लोकलयका कविताहरू सरल रहेका छन् । गद्यमा लेखिएका कविताहरू प्रतीकात्मक र ज्यादा बिम्बात्मक छन् ।

## सन्दर्भ सामग्री सूची


थपलिया, गीता (२०७४). *आधुनिक नेपाली कवितामा पर्यावरणीय चेतना.* (विद्यावारिधि अनुसन्धान). नेपाली केन्द्रीय विभाग. त्रिभुवन विश्वविद्यालय. कीर्तिपुर ।

पी. एस., इन्दु (सन् २०१२). *समकालीन हिन्दी उपन्यासों में पारिस्थितिक सजगता का अध्ययन.* विद्यावारिधि शोध. विज्ञान तथा प्रविधि विभाग, कोचिन विश्वविद्यालय. भारत ।

सरुभक्त सम्पा. (२०५३). *संरक्षण कविता यात्रा. पोखरा : श्री ५ महेन्द्र प्रकृति संरक्षण कोष अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना*

Abraham, M. H. (2005). *A Glossary of Literary Terms (8th ed.).* The United States of America: Michael Rosenberg.

Glotfelty, C. and Fromm, H. (Eds.). (1996). *The Ecocriticism Reader: Landmarks in Literary Ecology.* Athens and London : University of Georgia Press.

Hannigan, J. (2006). *Environment Sociology (2nd ed.).* New York: Routledge.

Naess, A. (1995). *Deep Ecology and Life Style.* Deep Ecology for the 21st-century (Sessions, G. Ed.). Boston : Shambhala publication. pp 260.